श्री

उच्च अदालत पाटन

संयुक्त इजलास

इजलास नंः-१४

माननीय न्यायाधीश श्री राजुकुमार खतिवडा

माननीय न्यायाधीश श्री सूर्यप्रसाद पराजुली

आदेश

मुद्दा नंः-०८१-WO-२२२१

मुद्दाः- उत्प्रेषण,परमादेश।

निर्णय नंः ०१

का.जि.का.म.न.पा. वडा नं २८ कमलादीमा रजिष्टर्ड कार्यालय रहेको रिलायन्स स्पिनिङ्ग मिल्स लि.को तर्फबाट अख्तियारप्राप्त भई आफ्नो हकमा समेत ऐ. कम्पनीको संचालक श्री अक्षय गोल्याण..१	निवेदक

बिरुद्ध

नेपाल सरकार, अर्थ मन्त्रालय, सिंहदरबार, काठमाण्डौं.......................................१ नेपाल धितोपत्र बोर्ड, खुमलटार, ललितपुर..१ नेपाल धितोपत्र बोर्ड, संचालक समिति, खुमलटार, ललितपुर................................१ नेपाल धितोपत्र बोर्डको अध्यक्ष सन्तोष नारायण श्रेष्ठ..१	विपक्षी

न्याय प्रशासन ऐन, २०७३ को दफा ८(१) बमोजिम यस अदालतको क्षेत्राधिकार भित्र पर्ने प्रस्तुत मुद्दाको संक्षिप्त तथ्य एवं ठहर यस प्रकार छ :-

तथ्य खण्डः

१. धागो उद्योगको रुपमा स्थापित तथा सञ्चालित निवेदक कम्पनी रिलायन्स स्पिनिङ्ग मिल्स लि. (यस पश्चात 'कम्पनी" लेखिएको) ले विगत ३० वर्षदेखि आफ्ना उत्पादनहरू उल्लेख्य रूपमा निकासी

गरी वैदेशिक मुद्रा आर्जनमा महत्वपूर्ण योगदान पुऱ्याउँदै आएको छ। कम्पनीले सर्वसाधारण लगानीकर्ताहरूलाई समेत शेयर जारी गरी कम्पनीको स्वामित्व विस्तार गर्ने योजना अनुरुप बुक विल्डिङ्ग विधिवाट प्रारम्भिक शेयर निष्कासन प्रक्रिया थालनी गरेको थियो। मिति २०८०।१०।१० देखि मिति २०८०/१०/१४ सम्म योग्य संस्थागत लगानीकर्ताहरूको लागि बोलकबोलमार्फत् विक्री खुल्ला गरको थियो। जसमा संस्थागत लगानीकर्ताहरूलाई निष्काशन, गरिएको ७,७०,६४० कित्ता शेयरमध्ये २८,८८,७८१ (३.७५ गुणा बढी) कित्ता बोलकबोल भएको थियो। यसरी गरिएको बोलकबोलमा १८ वटा संस्थागत लगानीकर्ताहरूले उच्चतम मूल्य रु.९१२ मा बिडिङ्ग गरेकाले बुक विल्डिङ्ग निर्देशिका, २०७७ को दफा १३ र वुक विल्डिङ्ग विधिअनुरुप कटअफ मूल्य रु ९१२ निर्धारण भएको थियो। बुक विल्डिङ्ग निर्देशिका, २०७७ को दफा १४ अनुरुप निर्धारण भएको कटअफ मूल्यमा १०% छुट प्रदान गरी सर्वसाधारणका लागि निष्काशन मूल्य प्रति शेयर रु. ८२०.८० निर्धारण गरिएको हो। यसरी निर्धारण भएको मूल्यमा कुल जारी गर्न लागिएको १९,२६,६०० कित्ता शेयरहरूमध्ये ६०%, ले हुन आउने ११,५५,९६० कित्ता शेयरहरू सर्वसाधारणलाई निष्काशन गर्नका निमित्त विवरणपत्र दर्ता तथा स्वीकृतिका लागि मिति २०८०।१०।२३ मा निवेदक कम्पनीले प्रत्यर्थी धितोपत्र बोर्डमा निवेदन पेश गरेको थियो। धितोपत्र वोर्डवाट मिति २०८१/०३/१२ मा सो विवरणपत्र दर्ता तथा स्वीकृति प्राप्त गरिएको थियो। सोही अनुरुप मिति २०८१/०३/२७ मा प्रथम चरणमा वैदेशिक रोजगारमा रहेका नेपाली नागरिकहरूलाई लक्षित गरी सर्वसाधारणलाई जारी गर्ने धितोपत्रमध्ये ५% धितोपत्र जारी गर्न लागिएकोमा सो सार्वजनिक निष्काशनलाई रोकी पाऊँ भनी हरि बहादुर के.सी. समेतले यस सम्मानित अदालतमा दायर गर्नु भएको उत्प्रेषण, प्रतिषेध, परमादेश समेतको रिट निवेदन (०८०-wo-२९७२) मा एकपक्षीय सुनवाई भई मिति २०८१/०३/२६ मा सम्मानित अदालतको एकल इजलासबाट अल्पकालीन अन्तरिम आदेश जारी भएको थियो। सोही परिप्रेक्षमा मिति २०८१/०३/२६ मा विपक्षी वोडले पत्र संख्या धि.व्य.सु.शा.२०८०/८१, चलानी न ३५११ को पत्रमार्फत विक्री प्रबन्धक श्री ग्लोबल आइएमई क्यापिटल लिमिटेडलाई अर्को निर्णय नभएसम्मको लागि यस कम्पनीको सार्वजनिक निष्काशन प्रक्रिया रोक्का राख्न हुन आदेश गरेको थियो। तर उक्त रिट निवेदन अन्तर्गतको अन्तरिम आदेशको निरन्तरताको सम्बन्धमा मिनि २०८१।०४।१४ मा दुई पक्षीय सुनुवाई यस सम्मानित अदालतको संयुक्त इजलासबाट सो अल्पकालीन आदेशलाई निरन्तरता नदिने गरी आदेश जारी भयो। सो पश्चात् मिति २०८१/०७/२६ मा सो रिट निवेदन खारेज भएको अवस्था छ। यी घटनाक्रमबाट निवेदक कम्पनीको सार्वजनिक शेयर निष्काशनको प्रक्रियामा कुनै बाधा अड्चन नभएको र सो प्रक्रियालाई अगाडि बढाउन सबै निकायबाट कानूनी रूपमा कुनै पनि किसिमको समस्या

नरहेकोले निवेदक कम्पनीले मिति २०८१।०७।१४ (च.नं. ६४/०८१/०८२), मिति २०८१।०७।२५ (च.नं. ६७/०८१/०८२), र मिति २०८१।०८।०७ (च.नं. ७४/०८१/०८२) मा उक्त निष्काशन प्रक्रियालाई अविलम्व खुला गरिदिन हुन सादर अनुरोध गर्दै विपक्षी नं २ लाई पत्राचार गरेका थियौ। पछिल्लो पटक मिति २०८१/१२/१९ (च.नं. ११७/०८१/०८२) मा पनि पुनः तोकता तथा अनुरोध विपक्षी न २ लाई गरिएको थियो। यसरी बारम्बार मौखिक र लिखित रूपमा सार्वजनिक निष्काशन फुकुवा गर्नका लागि अनुरोध गर्दा पनि विपक्षी बोर्डबाट आफैले मिति २०८१।०३।१२ मा प्रदान गरेको स्वीकृति बमोजिम यस कम्पनीको सार्वजनिक शेयर निष्काशनलाई बिना आधार र कारण यति लामो अवधिसम्म रोक्का गरी राखिएको छ। आफैले स्वीकृति प्रदान गर्ने निर्णय गर्ने तर सो निर्णय अनुसारको प्रक्रियालाई अनिश्चितकालको लागि यथास्थितिमा राख्ने कार्य धितोपत्र सम्बन्धी ऐन, २०६३, सुशासन (व्यवस्थापन तथा संचालन) ऐन, २०६४ को प्रावधान तथा वैधानिक अपेक्षाको सिद्धान्तको प्रतिकूल भई कानुनसम्मत छैन। मिति २०८१।०३।२६ मा विपक्षी वोर्डले जारी गरेको पत्र, सो सम्वद्ध निर्णय तथा अन्य काम कारवाहीलाई उन्प्रेषणको आदेशले बदर गरी पाउँ। मिति २०८१/०३/१२ मा विपक्षी बोर्डले जारी गरेको पत्रबमोजिम विवरणपत्र प्रकाशनका लागि दिइएको स्वीकृति बमोजिम निवेदक कम्पनीलाई सार्वजनिक निष्काशन गर्नु दिनू भनी विपक्षीहरूसमेतको नाममा परमादेश तथा अन्य उपयुक्त आदेश जारी गरी पाऊँ। निवेदक कम्पनीलाई मिति २०८१।०३।१२ को निर्णय वमोजिम सार्वजनिक निष्काशन गर्न नरोक्नू तथा त्यस्तो सार्वजनिक निष्काशनलाई प्रत्यक्ष वा परोक्ष रुपमा असर पर्ने गरी कुनै छानबिन, काम कारवाही नगर्नू भनी विपक्षीहरूको नाममा प्रतिषेध समेत जारी गरी पाऊं। प्रत्यर्थीको उपरोक्त बदरभागी पत्र कायम रहने हो भने निवेदक कम्पनीलाई अपुरणीय क्षति हुने भएकोले सुविधा सन्तुलनको दृष्टिबाट समेत २०८१/०३/१२ मा विपक्षी बोर्डले दिएको स्वीकृतिको तत्काल कार्यान्वयन गराइ पूर्वस्वीकृति बमोजिम निवेदक कम्पनीलाई प्रारम्भिक शेयर निष्काशन गर्न दिनु, दिलाउनु, २०८१/०३/२६ मा विपक्षी बोर्डले जारी गरेको पत्र संख्या धि व्य.सु शा. २०८०/८१, चलानी नं ३५११ को पत्र प्रस्तुत मुद्दाको अन्तिम किनारा नभएसम्मको लागि कार्यान्वयन नगर्नु, नगराउनु, मिति २०८१।०३।१२ मा विपक्षी बोर्डले दिएको स्वीकृतिको कार्यान्वयनलाई प्रतिकूल प्रभाव पर्ने गरी कुनै काम कारवाही, छानविन लगायतका कुनै कार्य नगर्नू नगराउन भनी प्रत्यर्थीहरूको नाममा उच्च अदालत नियमावली, २०७३ को नियम ४२ अन्तरिम आदेश जारी गरी पाऊँ भन्ने निवेदन पत्र।

२. यसमा के कसो भएको हो? रिट निवेदन मागबमोजिमको आदेश किन जारी हुनु नपर्ने हो? आदेश जारी हुनु नपर्ने कुनै आधार, कारण र प्रमाण भए, सो समेत साथै राखी सूचना म्याद पाएको

मितिले बाटाको म्याद वाहेक १५ (पन्ध्र) दिनभित्र विपक्षी नं. १ को हकमा उच्च सरकारी वकील कार्यालय, पाटनमार्फत र अन्य विपक्षीहरूको हकमा आफै वा आफ्नो कानून बमोजिमको प्रतिनिधिमार्फत् लिखित जवाफ पेश गर्नु भनी प्रस्तुत आदेश र रिट निवेदनको प्रतिलिपिसहित विपक्षीहरूको नाममा म्याद सूचना जारी गरी लिखित जवाफ परे वा अवधि व्यतित भएपछि नियमानुसार पेश गर्नुहोला। निवेदनमा अन्तरिम आदेशसमेतको माग भएतर्फ विचार गर्दा, निवेदनमा उठाइएको विषयवस्तुका सम्वन्धमा दुवै पक्षलाई छलफलमा सहभागी गराई अन्तरिम आदेश जारी गर्नुपर्ने वा नपर्ने सम्बन्धमा निष्कर्षमा पुग्न मनासिव हुने देखिदां निवेदकलाई मिति २०८२।०१।२४ गतेका दिन अन्तरिम आदेश छलफलका लागि पेशी तारिख तोकी सो मितिको छलफलमा उपस्थित हुन विपक्षीहरूलाई सूचना दिई नियमानुसार पेश गर्नू भन्ने **मिति २०८२/०१/१४ गतेको आदेश।**

३. यसमा निवेदकले अन्तरिम आदेश माग गरेको तर्फ बिचार गर्दा, निवेदक रिलायन्स स्पिनिङ्ग मिल्स लिमिटेडले सर्वसाधारणलाई शेयर निष्काशन गर्नका लागि दिएको निवेदनमा विपक्षी नेपाल धितोपत्र बोर्डले सम्पूर्ण प्रकृया पुरा गरी मिति २०८१।०३।१२ मा बिवरण पत्र प्रकाशनका लागि स्वीकृति दिई कम्पनी रजिष्ट्रारको कार्यालय र नेपाल स्टक एक्सचेन्जलाई जानकरी समेत दिएको देखियो। विपक्षी धितोपत्र बोर्डले दिएको स्वीकृति कानूनबमोजिम अन्यथा भएको अवस्था नदेखिएको, निबेदकले शेयर निष्काशन गर्न पाएको स्वीकृति वमोजिम संस्थागत शेयर बिक्री गर्नका लागि संस्थागत लगानीकर्ताको प्रस्ताव समेत निवेदकबाट स्वीकृत भई सर्वसाधारणका लागि शेयर निष्काशनको स्वीकृति समेत प्राप्त गरेको देखिएको अवस्थामा नेपाल धितोपत्र बोर्डबाट मिति २०८१।०३।२६ मा उक्त सार्वजनिक निष्काशन रोक्का राख्ने सम्बन्धमा ग्लोबल आईएमई क्यापिटल लिमिटेडलाई गरेको पत्राचारमा आधार, कारण र कानूनले प्रदान गरेको अख्तियारी सम्बन्धमा केही उल्लेख भएको देखिएन। शेयर निष्काशनको सम्पूर्ण प्रकृया पुरा गरी दिएको स्वीकृतिलाई आधार, कारण र कानूनको उल्लेख नगरी जारी भएको विपक्षी नेपाल धितोपत्र बोर्डको च.नं. ३५११ मिति २०८१।०३।२६ को पत्र प्रथम दृष्टि (Prima Facie) मा नै कानूनसम्मत नदेखिँदा प्रस्तुत मुद्दाको टुङ्गो नलागेसम्म उक्त पत्र कार्यान्वयन नगर्नु, नगराउनू, उक्त पत्र तथा सो सम्बन्धी भए गरेका कार्यहरू यथास्थितिमा राखू भनी उच्च अदालत नियमावली, २०७३ को नियम ४२ बमोजिम विपक्षीहरूका नाममा यो अन्तरिम आदेश जारी गरिदिएको प्रस्तुत आदेशको जानकारी विपक्षीहरूलाई दिई नियमानुसार पेश गर्नु भन्ने **मिति २०८२/०१/२४ गतेको आदेश।**

४. रिट निवेदकले रिलायन्स स्पिनिङ्ग मिल्स लिमिटेडले प्राथमिक शेयर निस्काशन गर्दा पूरा गर्नुपर्ने शर्तहरू तथा विधि नियामक निकायहरूले दिएका प्रतिवेदन, तथ्याङ्कीय विवरण र स्वीकृति वा सहमति सम्बन्धमा भए गरेका कामबारवाही लगायतको जानकारी सह-प्रत्यर्थीहरूले सम्मानित अदालतमा पेश गर्ने लिखित जवाफ तथा कागजातबाट स्पष्ट हुने र रिलायन्स स्पिनिङ्ग मिल्स लिमिटेडले निस्काशन गर्ने शेयर, शेयर निस्काशन विधि र शेयर निस्काशन गर्दा कम्पनीले पूरा गर्नुपर्ने शर्तहरू पूरा भए नभएको विश्लेषण लगायतका कार्य नेपाल धितोपत्र बोर्ड समेतबाट हुने नै हुँदा कुनै पनि संङ्गठित संस्थाले निस्काशन गर्ने शेयरबाट नागरिकको लगानी जोखिम सिर्जना हुन सक्ने अवस्थामा यस मन्त्रालयले आफ्नो कानूनी जिम्मेवारी निर्वाह गर्दै पुँजी बजार तथा लगानी जोखिम सुरक्षण गर्ने कार्य गरेको हुँदा प्रस्तुत रिट निवेदन खारेज गरी पाऊँ। अतः रिट निवेदकले प्रचलित कानून वमोजिम शेयर निष्काशनको लागि आवश्यक पर्ने शर्त वा प्रकृया पुरा गरेको अवस्थामा कानून बमोजिम शेयर निस्काशन गर्न पाउने नै हुँदा सो सम्वन्धमा साधिकार निकाय नेपाल धितोपत्र बोर्डबाट कानून बमोजिम निर्णय हुने भएकोले प्रस्तुत रिट निवेदन खारेजभागी छ, खारेज गरी पाऊँ भन्ने व्यहोराको **विपक्षी नेपाल सरकार, अर्थ मन्त्रालयको तर्फबाट लिखित जवाफ।**

५. विपक्षी कम्पनीको बुक विल्डिङ्ग विधि मार्फत धितोपत्र निष्काशन सम्वन्धि विवादमा श्री संघीय संसद, प्रतिनिधि सभा, सार्वजनिक लेखा समितिमा विषय उठान भई उक्त समितिबाट जानकारी माग भएको, विपक्षी कम्पनीबाट धितोपत्र निष्काशनका लागि स्वीकृति माग गर्दा पेश भएको विवरणहरू, स्वीकृति पश्चात प्रकाशित विवरणहरूमा ठुलो भिन्नता देखिएको विपक्षी कम्पनीको धितोपत्र निष्काशन सम्वन्धमा विभिन्न उजुरीहरू प्राप्त भएको तथा विभिन्न प्रेस माध्यममा विभिन्न समाचार सम्प्रेषण समेत भएको आधारमा बोर्डले धितोपत्रमा लगानीकर्ताहरूको हितको रक्षा गर्नका निमित्त मिति २०८१।०३।२६ मा अर्को निर्णय नभएसम्मका लागि रोक्का राख्ने भनी बोर्डको अध्यक्षस्तरिय निर्णय भई सो सम्बन्धमा थप अनुसन्धान तथा अध्ययन गरी उक्त रोकिएको निष्काशित प्रकृयालाई अगाडि बढाउन तय गर्नुपर्ने विषयमा स्पष्ट राय सहित प्रतिवेदन पेश गर्न भनी मिति २०८१।१०।०९ मा बोर्ड अध्यक्षबाट समिति गठन भई सो सम्बन्धमा कार्य अगाडि वढी रहेको अवस्थामा सो बिषयलाई प्रभावित पार्ने तवरमा प्रस्तुत निवेदन दायर भएको देखिन्छ। यसरी अधिकार प्राप्त निकायबाट भैरहेको कामकारवाहीमा हस्तक्षेप गर्ने तवरबाट दायर निवेदन खारेज भागि छ। विपक्षीले पेश गरेको कागजातको आधारमा विपक्षी कम्पनीको धितोपत्र निष्काशन सम्बन्धमा मिति २०८१।०३।१२ मा स्वीकृत प्रदान गरेको भएतापनि राज्यका विभिन्न निकायको पत्र, चौतर्फि उजुरी तथा विवाद समेतलाई मध्येनजर गरी निष्काशनको प्रकृयालाई स्थगन गरिएको थियो। धितोपत्रमा लगानी गर्ने लगानीकर्ताहरूको हित संरक्षण गर्ने

कानूनी कर्तब्य रहेको निकायबाट पुनः अध्ययन गर्न नमिल्ने भन्ने अवस्था रहँदैन। सर्वसाधरणको लगानीको सुरक्षाको प्रत्याभूति गर्ने गराउने दायित्व रहेको यस नेपाल धितोपत्र बोर्डबाट तत्कालिन समयमा विपक्षीको बुक विल्डिङ्ग विधि मार्फत धितोपत्र निष्काशनको स्विकृतिका बिषयमा श्री संघीय संसद, प्रतिनिधि सभा, सार्वजनिक लेखा समितिबाट जानकारी माग गरिएको विषय तथा उक्त निष्काशन प्रकृया अगाडि बढाउने सम्बन्धमा नेपाल धितोपत्र बोर्डबाट अध्ययन भईरहेको अवस्थामा सोलाई प्रभावित पार्ने तवरबाट कुनै न्यायिक कारवाहि समेत हुन सक्ने अवस्था रहँदैन। त्यस्तै विपक्षीबाट श्री संघीय संसद, प्रतिनिधि सभा, सार्वजनिक लेखा समितिमा कारवाहीयुक्त रहेको विवाद समेतलाई हस्तक्षेप गर्ने तवरबाट निवेदन दायर गरिएको तर सो निकायलाई विपक्षी बनाउन सकेको देखिँदैन। यस अवस्थामा समेत विपक्षीको मागदावी बमोजिम आदेश हुन सक्ने अवस्था रहँदैन। बोर्ड सर्वसाधरणको लगानीको सुरक्षाको प्रत्याभुति गर्ने गराउने दायित्व रहेको सम्दर्भमा सोको लागि बोर्डबाट कुनै समयावधिमा भए गरेको कार्यलाई नै निरन्तरता दिनुपर्ने वा सो निर्णयलाई परिवर्तन वा स्थगन नगर्न पाउने भन्ने कानूनको मक्सद कदापि रहँदैन। किनकि विपक्षीको धितोपत्र निष्काशन हुने नहुने बिषय नेपाल धितोपत्र बोर्ड सुपरिवेक्षण विभागबाट भईरहेको अध्ययनको प्रतिवेदन समेतबाट निक्योंल हुने हो। अव उप्रान्त धितोपत्र निष्काशन हुने अवस्था भएमा समेत तत्कालिन समयमा पेश गरेको कागजात, तत्कालिन समयको रेटिङ, तत्कालिन समयको वासलातका आधारमा तत्कालिन समयमा निर्धारण भएको मूल्यमानै धितोपत्र निष्काशन गर्न मिल्ने अवस्था नरहन सक्छ। तसर्थ विपक्षीबाट तत्कालिन समयमा पेश गरेको कागजात एवं विवरण र हालको अवस्थामा भिन्नता हुन सक्ने अवस्था रहन्छ। अतः माथि प्रकरणमा उल्लेखित तथ्य, कानूनी व्यवस्था एवं जिकिरका आधारमा श्री संघीय संसद, प्रतिनिधि सभा, सार्वजनिक लेखा समिति एवं नेपाल धितोपत्र बोर्डबाट भईरहेको अध्ययन समेतलाई प्रभावित पार्ने मनसायमा दायर निवेदन खारेज गरिपाउँ भन्ने **नेपाल धितोपत्र बोर्ड, खुमलटार, ललितपुर तथा नेपाल धितोपत्र बोर्ड, संचालक समिति समेतको तर्फबाट लिखित जवाफ।**

६. यसमा विपक्षी धितोपत्र बोर्डबाट पेश भएको लिखित जवाफको प्रकरण नं. ४ (ख) मा रोकिएको धितोपत्र निष्काशन सम्बन्धमा अध्ययन गरी रायसहितको प्रतिवेदन पेश गर्न बोर्ड अध्यक्षबाट मिति २०८१।१०।०९ मा समिति गठन भई कार्य भइरहेको भन्ने देखिँदा समितिवाट हालसम्म भएको काम कारवाहीको देखिने विवरणसहितको जानकारी उक्त बोर्डबाट मगाई नियमानुसार पेश गर्नु भन्ने **मिति २०८२/०५/१६ गतेको आदेश।**

७. मिति २०८२।५।१६ मा भएको आदेश सम्बन्धमा धितोपत्र बोर्डबाट मिति २०८२।५।२२ को पत्रबाट जवाफ प्राप्त भएको।

आदेश खण्ड

८. नियम बमोजिम दैनिक पेशी सूचीमा चढी यस इजलास समक्ष निर्णयार्थ पेश भएको प्रस्तुत रिट निवेदनमा निवेदनपत्र तथा लिखित जवाफसहितका मिसिल संलग्न कागजातहरूको अध्ययन गरियो।

९. प्रस्तुत रिट निवेदनमा निवेदकको तर्फबाट उपस्थित हुनुभएका विद्वान् वरिष्ठ अधिवक्ता द्वय श्री हरिश्चन्द्र सुबेदी तथा श्री पुर्णमान डंगोल विद्वान अधिवक्ताहरू श्री नारायण थापा, श्री आयुष चौलागाई र श्री आस्था पौडेलले विपक्षीबाट शेयरको सार्वजनिक निष्कासनका लागि स्वीकृति दिइसकेकोमा विना आधार अनधिकृत रूपमा सो कार्य रोक्ने गरी गरेको पत्राचार गैरकानूनी भएको हुँदा निवेदन माग बमोजिम आदेश जारी हुनुपर्छ भनी गर्नुभएको बहस सुनियो। साथै विपक्षी धितोपत्र बोर्डको तर्फबाट विद्वान् अधिवक्ता श्री किरण पौडेलले र विपक्षी अर्थ मन्त्रालयको तर्फबाट उपस्थित विद्वान उप न्यायाधिवक्ता श्री मुक्तिराम सुवेदीले प्रस्तुत निवेदन खारेज गरी पाउँ भनी गर्नुभएको बहससमेत सुनियो।

१०. प्रस्तुत निवेदनको विषयसँग सम्बन्धित तथ्य हेर्दा निवेदक रिलायन्स स्पिनिङ्ग मिल्स लि. ले १९,२६,६००। कित्ता शेयर बुक विल्डिङ्ग विधिबाट निष्कासन गर्न विपक्षी धितोपत्र वोर्डबाट स्वीकृति लिई सोमध्ये ४० प्रतिशत शेयर संस्थागत लगानीकर्तालाई बाँडफाँट भैसकेकोमा बाँकी ६० प्रतिशत शेयरको सार्वजनिक निष्कासन गर्नका लागि समेत उक्त वोर्डबाट मिति २०८१/०३/१२ मा विवरणपत्र दर्ता तथा स्वीकृति प्राप्त भएको तर सो शेयर निष्कासन गर्ने कार्य विपक्षी बोर्डको मिति २०८१/०३/२६ को पत्रले रोक्का राखिएको भन्ने देखिन्छ। निवेदक कम्पनीले उक्त मिति २०८१।३।२६ को पत्र वदर हुन र मिति २०८१।३।१२ को पत्र बमोजिमको कार्य गर्न विपक्षीहरूको नाममा आदेश हुन माग गरी रिट निवेदन दायर गरेको देखियो। मूलतः विपक्षीमध्येका धितोपत्र बोर्डबाट लिखित जवाफमा सो धितोपत्र निष्काशन सम्वन्धमा श्री संघीय संसद, प्रतिनिधि सभा, सार्वजनिक लेखा समितिमा विषय उठान भई उक्त समितिबाट जानकारी माग भएको, धितोपत्र निष्काशन सम्वन्धमा विभिन्न उजुरीहरू प्राप्त भएको तथा विभिन्न प्रेस माध्यममा विभिन्न समाचार सम्प्रेषण समेत भएको आधारमा बोर्डले धितोपत्रमा लगानीकर्ताहरूको हितको रक्षा गर्नका निमित्त मिति २०८१।०३।२६ मा अर्को निर्णय नभएसम्मका लागि शयर निश्कासन गर्ने कार्य रोक्का राखिएको र सो सम्बन्धमा बोर्डबाट अध्ययन भैरहेको भन्ने जिकिर गरेको पाइयो।

११. उल्लिखित रिट निवेदन, लिखित जवाफ तथा वहस जिकिरसमेतका आधारमा प्रस्तुत रिट निवेदनमा माग बमोजिम उत्प्रेषणयुक्त परमादेश जारी हुनु पर्ने हो होइन भन्ने सम्बन्धमा निर्णय गर्नुपर्ने देखियो।

१२. निर्णयतर्फ विचार गर्दा, कुनै अदालत वा अधिकारी वा निकायले आफ्नो अख्तियारी भन्दा वाहिर गएर गरेको वा कानून बमोजिम अनिवार्य रुपमा अवलम्बन गर्नपर्ने कार्यविधि अवलम्बन नगरेको वा प्रत्यक्षतः कानून विपरित गरेको निर्णय वा काम कारवाही बदर गर्नका लागि सक्षम अदालतबाट उत्प्रेषणको रिट जारी गरिन्छ। त्यस्तै, त्यस्ता अदालत अधिकारी वा निकायले कानूनबमोजिम गर्नुपर्ने कार्य नगरेमा सो कार्य गर्नको लागि परमादेशको रिट जारी गरिन्छ।

१३. प्रस्तुत रिट निवेदनको विषयबस्तु बुक बिल्डिङ्ग विधिबाट शेयरको सार्वनजिक निष्काशनसँग सम्बन्धित रहेको देखिन्छ। धितोपत्र दर्ता तथा निष्कासन नियमावली, २०७३ को नियम २५ग मा उल्लिखित योग्यता पुगेका संगठित संस्थाले मात्र बुक बिल्डिङ्ग विधिबाट शेयरको सार्वजनिक निष्काशन गर्न पाउने देखिन्छ। उक्त प्राबधान यस प्रकार छः **(१) देहायका योग्यता पुगेका संगठित संस्थाले बुक बिल्डिङ्ग विधिमार्फत धितोपत्रको प्रारम्भिक सार्वजनिक निष्कासन गर्न सक्नेछः (क) संगठित संस्था विगत ३ आर्थिक वर्षदेखि लगातार खुद मुनाफामा सञ्चालनमा रहेको, (ख) संगठित संस्थाको साधारण सभाले बुक बिल्डिङ विधिमा मार्फत धितोपत्र जारी गर्ने निर्णय गरेको, (ग) संगठित संस्थाको प्रतिशेयर नेटवर्थ प्रति सेयर चुक्ता पुँजीको कम्तीमा १५०% रहेको, (घ) संगठित संस्थाले कम्तिमा औसत वा सोभन्दा माथिल्लो क्रेडिट रेटिङ को ग्रेड प्राप्त गरेको।** यसरी योग्यता पुगेका संगठित संस्थाले बुक बिल्डिङ्ग विधिबाट शेयर निष्कासन गर्दा संस्थागत लगानी कर्ताको लागि ४० प्रतिशत र सर्वसाधारणको लागि ६० प्रतिशत निष्कासन गर्नु पर्ने हुन्छ। संस्थागत लगानीकर्ताको रुपमा बोर्डबाट स्वीकृति प्राप्त गरेका देहायका संस्थाहरू उक्त संस्थागत शेयरको खरिद प्रक्रियामा सहभागी हुन पाउने प्रावधान उक्त नियमावलीको नियम २५ग (६) ले गरेको पाइन्छः **सूचीकृत संगठित संस्था, विशेष ऐनद्वारा स्थापित वित्तीय संस्था, सामूहिक लगानी कोष व्यवस्थापक, सामूहिक लगानी कोषका योजना, मर्चेन्ट बैंकर, मान्यता प्राप्त अवकाशकोष, बोर्डले समय समयमा तोकेका अन्य कोष वा कम्पनी वा संस्था।**

१४. बुक बिल्डिङ्ग विधिबाट धितोपत्र निष्कासन गर्न चाहने संगठित संस्थाले धितोपत्र बोर्डबाट अनुमति प्राप्त गरेका संस्थागत लगानीकर्ताहरूसँग छलफल गरी तिनीहरूले दिएको खरिद आशय मूल्य र सेयर संख्या समेतका आधारमा बिक्री गर्न लागिएका सेयरको आधार मूल्य (Base price) निर्धारण गर्नुपर्ने, आधार मूल्यको आधारमा मूल्य सीमा निर्धारण गर्नुपर्ने, मूल्य सीमा निर्धारण गर्दा आधार मूल्यमा २०% थप गर्दा कायम हुने मूल्य (Cape price) र आधार मूल्यमा २०% घटाउँदा हुने

मूल्य (Floor price) को वीचमा मात्र संस्थागत लगानीकर्ताहरूवीचमा शेयरको बोलकबोल हुन सक्ने गरी सेयरको मूल्य सीमा निर्धारण गर्नुपर्ने प्रावधान बुक बिल्डिङ्ग निर्देशिका, २०७७ ले गरेको देखिन्छ। साथै उक्त निर्देशिका अनुसार उक्त मूल्य सीमाभित्र रही संस्थागत लगानीकर्तावीच बोलकबोल गराई संस्थागत लगानीकर्ताका लागि निष्कासित सबै शेयर बिक्री हुने गरी कटअफ मूल्य निर्धारण गरी शेयर बाँडफाँट गर्नुपर्ने प्राबधान उक्त निर्देशिकाको दफा ११ र १३ ले गरेको पाइन्छ।

१५. निवेदक कम्पनीको सम्बन्धमा उल्लिखित कानूनी प्राबधान बमोजिमको सम्पूर्ण प्रक्रिया पूरा गरी विपक्षी बोर्डको स्वीकृति बमोजिम संस्थागत लगानीकर्ताको लागि छुट्याइएको शेयरमध्ये प्रतिशेयर कट अफ मूल्य रू ९१२।- कायम गरी बाँडफाँट समेत भैसकेको देखिन्छ। तर बुक विल्डिङ विधिबाट निवेदक कम्पनीको शेयर बिक्री गर्ने कार्य धेरै समयअघि सुरु भई ४० प्रतिशत शेयरको बिक्री सम्बन्धमा बाँडफाँटसम्म भएको भएपनि हाल आएर बाँकी ६० प्रतिशत शेयर बिक्री गर्ने कार्य विपक्षी बोर्डको पत्रले रोकिदिँदा बुक बिल्डिङ प्रक्रियाबाट सेयर निष्कासन गर्ने समग्र प्रक्रिया समेत अवरुद्ध हुन गई त्यस प्रक्रियाले पूर्णता पाउन नसकेको अवस्था देखिन आउँछ।

१६. संस्थागत लगानीकर्ताका लागि छुट्याएको निवेदक कम्पनीको शेयर बाँडफाँट भैसकेपश्चात समेत बाँकी शेयर कानून बमोजिम सर्वसाधारणको लागि निष्काशन गर्न निवेदक कम्पनीले विपक्षी धितोपत्र बोर्डबाट मिति २०८१।३।१२ मा बिवरण पत्र प्रकाशनका लागि स्वीकृति प्राप्त गरेको र सो आधारमा कम्पनी रजिष्ट्रारको कार्यालय र नेपाल स्टक एक्सचेन्जलाई जानकारी समेत दिएको तथ्यमा विवाद देखिँदैन। विपक्षी धितोपत्र बोर्डले दिएको उक्त स्वीकृति हालसम्म अन्यथा भएको अवस्था छैन। निबेदकले शेयर निष्काशन गर्न पाएको स्वीकृति वमोजिम संस्थागत शेयर बिक्री गर्नका लागि संस्थागत लगानीकर्ताको प्रस्ताव समेत निवेदकबाट स्वीकृत भई सर्वसाधारणका लागि शेयर निष्काशनको स्वीकृति समेत विपक्षी बोर्डबाट प्राप्त गरेको देखिएको अवस्थामा नेपाल धितोपत्र बोर्डबाट मिति २०८१।०३।२६ मा धितोपत्रको उक्त सार्वजनिक निष्काशन रोक्का राख्नका लागि निष्काशन तथा बिक्री प्रबन्धक ग्लोबल आईएमई क्यापिटल लिमिटेडलाई पत्राचार गरेको अवस्था छ।

१७. बुक बिल्डिङ्ग विधिबाट शेयर निष्कासन गर्न सबै संगठित संस्था योग्य नहुने र राम्रो वित्तीय अवस्थामा सञ्चालन भएका संस्थाले मात्र त्यस्तो सुविधा पाउने तथ्य धितोपत्र दर्ता तथा निश्कासन नियमावली, २०७३ को नियमा २५ग मा निर्धारित योग्यता सम्बन्धी प्राबधानबाट स्पष्ट हुन्छ। धितोपत्रको निष्काशन मूल्य बजारले नै निर्धारण गर्न तथा मूल्य निर्धारण प्रक्रियालाई पारदर्शी र प्रतिस्पर्धी बनाउने उद्देश्यबाट बुक विल्डङ्ग निर्देशिका, २०७७ प्रचलनमा ल्याएको

देखिन्छ। यस विधिलाई धितोपत्र निश्कासन सम्बन्धमा आधुनिक, आधिकारिक र बैज्ञानिक विधि मानिएको छ। विपक्षी धितोपत्र बोर्डले सो विधिबाट शेयर निश्कासन गर्नको लागि निवेदक कम्पनीको कानूनद्वारा निर्धारित कुनै योग्यता नपुगेको वा सो प्रक्रियामा सहभागी भएका संस्थागत लगानीकर्ता अयोग्य भएको वा नियमावली तथा निर्देशिकाबाट निर्धारित कुनै प्रक्रिया पूरा नगरेको भनी जिकिर लिन सकेको अवस्था छैन। आफैले दिएको स्वीकृतिको आधारमा शुरु गरिएको प्रक्रियालाई नै निश्क्रिय गर्ने गरी विना कानूनी आधार धितोपत्र निष्काशन गर्नबाट रोक्ने गरी लेखिएको मिति २०८१।३।२६ को पत्र नियमनकारी निकायको कानूनी जिम्मेवारी अनुकुलको देखिँदैन।

१८. तर उल्लिखित पत्रमा **"तहाँको निष्कासन तथा बिक्री प्रबन्धकत्वमा रिलायन्स स्पिनिङ मिल्स लिमिटेडले गर्न लागेको धितोपत्रको सार्वजनिक निष्काशन प्रक्रिया अर्को निर्णय नभएसम्मको लागि रोक्का राख्नु हुन आदेशानुसार अनुरोध गर्दछु"** भन्ने बेहोरा उल्लेख गरी सहायक निर्देशकले दस्तखत गरेको देखिन्छ। सो पत्र बेहोराबाट कुन कानूनी अख्तियारवालाबाट आदेश वा निर्णय भई सो पत्र लेखिएको हो भन्ने कुरा समेत खुलेको देखिँदैन। नत धितोपत्र बोर्ड स्वयम् ले निर्णय गरी स्वीकृति दिएको धितोपत्र निष्काशनको कार्य रोक्नु पर्ने आधार कारण नै उल्लेख गरेको देखिन्छ। सार्वजनिक जिम्मेवारी भएका निकायबाट निर्णय गर्दा कानूनमा आधारित रही आधार र कारणसमेत उल्लेख गर्नुपर्ने हुन्छ। अन्यथा त्यस्तो कार्य सार्वजनिक उत्तरदायित्व र कानूनको शासनसम्बन्धी आधारभूत मान्यता विपरित हुनजान्छ। कुनै निर्णयका आधारमा उक्त पत्र लेखिएको भए निर्णय पेश गर्न यस अदालतबाट आदेश भएकोमा विपक्षी धितोपत्र बोर्डबाट त्यस्तो कुनै निर्णय पेश गर्न सकेको समेत पाइएन। मिति २०८१।३।१२ को निर्णयको मुख्य सरोकारवाला रहेको निवेदक कम्पनीलाई गम्भीर रुपमा असर पर्ने गरी सो कम्पनीको विरुद्ध मिति २०८१।३।२६ मा पत्राचार गर्दा सो कम्पनीलाई सुनुवाइको मौका दिएको समेत देखिँदैन। यसरी धितोपत्र बोर्डको आधिकारिक निर्णयबाट शेयर निष्काशन गर्न भनी दिएको स्वीकृतिलाई प्रतिकूल रूपमा प्रभावित गर्ने गरी कुनै कानूनी आधार र आधिकारिक निर्णय विना धितोपत्र बोर्डको लेटरप्याडमा लेखिएको च.नं. ३५११ मिति २०८१।०३।२६ को पत्र प्रथम दृष्टिमा नै कानूनविपरित देखियो। सो पत्र जारी गर्ने कार्य अख्तियारी विहिनमात्र नभई सुनुवाइको सिद्धान्तको दृष्टिले समेत त्रुटिपूर्ण देखियो।

१९. विपक्षी धितोपत्र बोर्डले लिखित जवाफमा श्री संघीय संसद, प्रतिनिधि सभा, सार्वजनिक लेखा समिति एवं नेपाल धितोपत्र बोर्डबाट अध्ययन भैरहेको र सञ्चार माध्यममा समेत सो विषय आएको भनी उल्लेख गरेको देखिन्छ। तर सार्वजनिक लेखा समितिबाट उक्त शेयर निष्काशनको कार्य

रोक्नको लागि कुनै निर्देशन भएको देखिँदैन। साथै, शेयर निष्काशनको कार्य रोक्नको लागि लेखिएको उल्लेखित पत्रमा सार्वजनिक लेखा समितिको कुनै निर्देशनका आधारमा पत्र लेखिएको भनी उल्लेख भएको पनि देखिँदैन।

२०. विपक्षी धितोपत्र बोर्डले दिएको स्वीकृति बमोजिम नै मिति २०८१/०३/२७ मा प्रथम चरणमा वैदेशिक रोजगारमा रहेका नेपाली नागरिकहरूलाई लक्षित गरी सर्वसाधारणलाई जारी गर्ने धितोपत्रमध्ये ५% धितोपत्र जारी गर्न लागिएकोमा सो कार्यको विरुद्ध यस अदालतमा परेको ०८०-wo-२९७२ रिट निवेदन मिति २०८१/०७/२६ मा खारेज हुने गरी फैसला भएपश्चात् यी निवेदक कम्पनीले विपक्षी धितोपत्र बोर्ड समक्ष धितोपत्र निष्काशनको कार्य खुला गरिदिन पटक पटक निवेदन गर्दा समेत त्यसमा उक्त बोर्डबाट कुनै निर्णय निकासा नदिएको अवस्था देखिन्छ। यसलाई सार्वजनिक जवाफदेहिता अनुकुलको कार्य मान्न सकिँदैन। यस अदालतबाट उक्त रिट निवेदन खारेज भएपश्चात् समेत धितोपत्र बोर्डले शेयर निष्काशन गर्न अनुमती दिएको विषयलाई प्रभावित र ढिलाई गर्ने गरी विपक्षी बोर्डका अध्यक्षबाट मिति २०८१।१०।९ मा अध्ययन समिति गठन गरेको देखिन्छ। हालसम्म उक्त समितिबाट कुनै प्रतिवेदन दिएको अवस्था समेत छैन। निवेदकलाई प्राप्त बैध अपेक्षा र कानूनी प्राबधान विपरित हुने गरी विपक्षी बोर्डबाट शेयर निष्कशनको कार्यलाई रोक्ने तथा विलम्ब गराउने गरी भएका यस्ता कार्यले निवेदकको व्यापारिक साख तथा कारोवारमा समेत प्रतिकूल असर पर्न सक्ने हुँदा विपक्षी बोर्डका त्यस्ता काम कारवाहीलाई न्यायोचित मान्न मिल्ने देखिएन।

२१. तसर्थ, माथि विवेचना भएबमोजिम निवेदक कम्पनिलाई शेयर निष्काशन गर्ने सम्बन्धमा विपक्षी नेपाल धितोपत्र बोर्डबाट मिति २०८१।०३।१२ मा स्वीकृत प्रदान गरेकोमा पुनः कुनै कानूनी आधार, प्रमाण र निर्णय विना नै मिति २०८१।०३।२६ मा निवेदक कम्पनी रिलायन्स स्पिनिङ्ग मिल्स लि.को शेयर निष्काशन कार्य अर्को निर्णय नभएसम्म रोक्का राख्ने गरी श्री ग्लोबल आई.एम.ई. क्यापिटल लिमिटेडलाई गरेको पत्राचार कानून विपरित देखिएकोले सो पत्र उत्प्रेषणको आदेशले बदर गरिदिएको छ। अब विपक्षी नेपाल धितोपत्र बोर्डबाट मिति २०८१।०३।१२ मा भएको स्वीकृति बमोजिम निवेदक कम्पनीको शेयर निष्काशन सम्बन्धमा कानूनबमोजिम आवश्यक निकाशा दिनु भनी विपक्षीहरूको नाममा परमादेशको आदेश जारी हुने ठहर्छ। सो ठहर्नाले तपसिल बमोजिम गर्नु।

<u>तपसिल खण्ड</u>

१. विपक्षीहरूको नाममा उत्प्रेषणयुक्त परमादेश जारी हुने ठहर भएको हुँदा उच्च सरकारी वकील कार्यालय पाटनलाई प्रस्तुत आदेशको प्रमाणित प्रतिलिपी सहितको जानकारी दिनू।

२. सरोकारवालाले प्रस्तुत फैसलाको प्रतिलिपी माग गरे नियमबमोजिम प्रमाणित प्रतिलिपि दिनू।

३. फैसला अपलोड गरी सोको जानकारी अदालतको वेबसाइट र सूचना पाटीमा प्रकासन गर्नू।

४. प्रस्तुत निवेदनको दायरीको लगत कट्टा गरी मिसिल नियमानुसार गरी अभिलेख शाखामा बुझाई दिनू।

(सूर्यप्रसाद पराजुली)
न्यायाधीश

उक्त रायमा म सहमत छु।

(राजुकुमार खतिवडा)
न्यायाधीश

<u>फैसला तयार गर्न सहयोग गर्नेः</u>

इजलास अधिकृत :- उर्मिला भट्टराई

कम्प्यूटर अपरेटर :- स्मित श्रेष्ठ

ईति सम्वत २०८२ साल भाद्र महिना २३ गते रोज २ शुभम्.................................।

फैसला प्रमाणीकरण मिति :

अदालतको छाप